# Annual Report

FY:-081/82




Bagamati Province Government
Ministry of Health
Health Directorate

# Trishuli Hospital

Nuwakot

# वार्षिक प्रतिवेदन

## २०८१/८२

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# त्रिशुली अस्पताल

नुवाकोट,नेपाल

# विषय सूचि :-


१. नुवाकोट जिल्लाको संक्षिप्त परिचय
(A brief Introduction of Nuwakot district) ........ १
२. विकास संरचना तथा यस संग सम्वधित पक्षहरु
(Development Infrastructure & its related Factors) ........ ८
३. अस्पतालको परिचय
(Introduction) ........ ९
४.अस्पताल रिपोर्टिङ स्थिती
(Hospital reporting status) ........ १४
५ न्यूनतम सेवा मापदण्ड
(MSS Status) ........ २३
६. अस्पतालमा रहेको औजार तथा उपकरणहरु
Hospital Related Instruments ........ २४
७. वित्तिय विवरण
FINANCE ........ २७
८. आ.व. २०८१/०८२ मा सञ्चालन गरिएका मुख्य-मुख्य कार्यक्रमहरु
(Major Program in F.Y 2081/82) ........ २९
९. संघिय सशर्त श्रोत तर्फका मुख्य मुख्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था २०८१/८२
(Major Federal Program 2081/82) ........ ३०
१०.अस्पतालद्वारा सम्पादित कार्यक्रमका केहि फोटोहरु :
(Hospital Photo Gallery) ........ ३४

# पृष्ठभूमि (Background) :-




त्रिशुली अस्पतालबाट सञ्चालित कार्यक्रमहरुको प्रगति, स्वास्थ्य सूचकहरुको तुलनात्मक अवस्था तथा आर्थिक, भौतिक, सामाजिक, मानव संसाधन लगायतका श्रोत साधनहरुको उपलब्धता आदिलाई समेटी जिल्लाको संक्षिप्त चिनारी सहित बार्षिक प्रतिबेदन प्रकाशित गरिएको हो । यो प्रतिबेदन जिल्ला भित्र सेवा प्रदायक संस्था, सेवा उपभोगको अवस्था, महिला गरिव पिछडिएका र भौगोलिक अवस्थाले दुर्गममा बस्ने जनताको स्वास्थ्य सेवा उपभोगको अवस्थालाई हुबहु समेटिएको छ । यस प्रतिवेदनको मुख्य आधार जिल्ला सरोकारवाला संघसंस्थाबाट प्रकाशित सामाग्रीहरु र त्रिशुली अस्पतालबाट आफैले संकलित सूचनाहरु नै समावेश गरिएको छ ।

नेपालको संविधानले स्वास्थ्य सेवा जनताको आधारभूत अधिकारको रुपमा आत्मसात गरी नागरिकको स्वास्थ्य प्रति राज्यको दायित्वको ऐतिहासिक रुपामा स्थापित गरेको हुनाले नागरिकको सार्वजनिक सेवाप्रतिको चासो र यसको प्रभावकारी अनुगमनलाई थप बल पुऱ्याउन सुशासन (संचालन तथा ब्यवस्थापन) ऐन, २०६४ तथा नियमावली, २०६५ सुचनाको हक सम्बन्धी ऐन, २०६४ निजामति सेवा ऐन, २०४९ तथा नियमावली, २०५० स्वास्थ्य ऐन, २०५३ तथा नियमावली, २०५५ र स्थानिय निकाय (आर्थिक प्रशासन नियामावली, २०६४ बमोजिम स्थानिय तहमा संचालन हुने कार्यक्रम तथा सेवा प्रवाहलाई जानकारी गराउने उद्देश्यले यो प्रतिवेदन तयार पारिएको हो ।

## १. नुवाकोट जिल्लाको संक्षिप्त परिचय (A brief Introduction of Nuwakot district) :-

### १.१ परिचय (Introduction) :-

नुवाकोट जिल्ला नेपालको मानचित्रमा बागमती प्रदेश अन्तर्गत रहेको एक मध्य पहाडी जिल्ला हो । उत्तरमा रसुवा जिल्लाको सिमाना जोडिएको झण्डै अर्धचन्द्रकारको रूपमा पूर्व पश्चिम फैलिएर रहेको भौगोलिक बनावटमा पहाडी भू-भागको अंश ७१ प्रतिशत लेकाली भू-भागको अंश १८ प्रतिशत तथा टार, बेशी र समथर भू-भागको अंश ११ प्रतिशत रहेको छ भने नुवाकोट जिल्ला २७.८८° उत्तरी अक्षांश देखि ८५.१३° पूर्वी देशान्तर सम्म अवस्थित रहेको छ । समुन्द्र सतह न्यूनतम ४५७ मिटर देखि अधिकतम ५१४४ मिटर उचाई सम्म भू-धरातल रहेको क्षेत्रफल ११२१ बर्ग कि.मि. छ । यस जिल्लालाई १० गा.पा. र २ नगरपालिकामा विभाजन गरिएको छ भने यो जिल्ला राजधानी संग समेत जोडिएको ऐतिहासिक, राजनैतिक, भौगोलिक दृष्टिकोणले नेपालकै महत्वपूर्ण जिल्ला हो । २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या २,६३,३९१ (पुरूष १,२८,९९८ र महिला १,३४,३९३) र परिवार संख्या ६८,६७९ रहेको छ । यो जिल्ला राजधानी देखि सदरमुकाम सम्म ६८ कि.मि.को दुरीमा छ भने जनघनत्व २३५ जना प्रती बर्ग कि.मि. र नेपालको कुल जनसंख्याको ०.९ प्रतिशत स्थान ओगटेको छ । यस जिल्लाको पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा धादिङ्ग, उत्तरमा रसुवा र दक्षिणमा काठमाण्डौ जिल्ला पर्दछ ।

सुरूमा नुवाकोट दरवार परिसरमा रहेको जिल्ला सदरमुकाम वि.सं. २०२८ सालमा स्थानान्तरण गरीए पछि हाल यस जिल्लाको सदरमुकाम विदुरमा रहेको छ ।

यस जिल्लाको विभिन्न भेग वा क्षेत्रहरू विविध धरातलिय विशेषता अनुरूपका सदावहार, शितोष्ण एवं समशितोष्ण फलफुलका वगैचा र नगदेवाली, तरकारी, अदुवा, स्ट्रेवरी आदि उत्पादनका लागि प्रख्यात रहेका छन् । साथै एक गाउँ एक उत्पादन कार्यक्रम अन्तरगत हाल यस जिल्ला रेन्वो ट्राउट माछा उत्पादनको लागि परिचित भएको छ ।

### १.२ भौगोलिक अवस्था (Geographical situation) :-

नेपाल अधिराज्यको मानचित्रमा नुवाकोट जिल्ला २७.८८° उत्तरी अक्षांश देखि ८५.१३° पूर्वी देशान्तर सम्म अवस्थित रहेको छ । समुद्रसतहबाट न्युनतम ४५७ मिटरदेखि अधिकतम ५१४४ मिटर उचाईसम्म भु-धरातल रहेको यस जिल्लाको क्षेत्रफल ११२१ वर्ग किलोमिटर छ । पुर्वमा सिन्धुपाल्चोक, दक्षिणमा काठमाडौं र धादिङ, उत्तरतर्फ रसुवा र पश्चिममा धादिङ जिल्लासँग भौगोलिक सिमाना जोडिएको यस जिल्लाको चौतर्फी सिमानाले कुनैपनि अन्तर्राष्ट्रिय सिमानालाई समेत छोएको छैन । नदी, खोलानाला, पहाड र बाटोहरूले भौगोलिक सिमाना छुट्याउने काम गरेका छन् । जिल्लाको समग्र भु-भागलाई धरातलिय हिसावमा मुख्यतः तीन भागमा विभाजन गर्न सकिन्छ ।

#### लेकाली भाग

समुद्र सतहबाट २५०० मिटरभन्दा माथिको उच्च पहाडीक्षेत्रलाई लेकाली भाग अन्तर्गत समावेस गर्न सकिन्छ । हिउँद याममा बराबर हिमपात भैरहने यस भागमा झण्डै हिमाली भागसँग मेल खाने प्राकृतिक तथा साँस्कृतिक विशेषताहरू पाउँन सकिन्छ । घ्याङफेदी, गाँउखर्क, भाल्चे, फिकुरी, साल्मे, किम्ताङ, बर्सुन्चेत आदि यस क्षेत्रमा पर्ने प्रमुख स्थानहरू हुन ।

#### पहाडी भाग

समुन्द्र सतहबाट २५०० मिटरभन्दा तलको पहाडी क्षेत्रलाई यस भागमा समावेश गर्नु उपयुक्त हुन्छ । जिल्लाको अधिकांश भु-भाग ओगटेको र प्राकृतिक तथा साँस्कृतिक रूपमा विविधताको धनी यस भागमा जनसङ्ख्याको

सर्वाधिक हिस्सा वसोवास गर्दछन् । साथै यस भागले जिल्लाको राजनैतिक तथा आर्थिक क्षेत्रमा समेत उल्लेख्य प्रभाव पारेको छ ।

### वेसींटार तथा समथर भाग

समुन्द्र सतहबाट ४५७ मिटरभन्दा माथि र २५०० मिटरभन्दा तलको पहाडी भु-भागभित्र पहाडका कुना-कन्दराहरूमा छरिएर रहेका समथर मैदान, बेसी र टारहरूलाई यस भागमा समावेश गर्न सकिन्छ । थोरै अंशमा फैलिएको भएतापनि जनघनत्व र उत्पादकत्वको हिसावले यो भागलाई सम्पन्न मान्न सकिन्छ । यस्ता बेशी टारहरूमा थानसिंङ, खरानीटार, रातमाटे, चौघडा, सिमरा आदि हुन् ।

## १.३ राजनैतिक तथा प्रशासनिक ब्यवस्था (Politicial & Administrative situation) :-

| | |
|---|---|
| प्रदेश | बागमती |
| जिल्ला | नुवाकोट |
| निर्वाचन क्षेत्र | २ वटा संघिय र ४ वटा प्रादेशिक |
| नगरपालीका | २ वटा |
| गाउँपालिका | १० बटा |
| वडाहरू | ८८ वटा |

### राजनैतिक विभाजन

विक्रम सम्वत् २०१८ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नुअघि "पश्चिम एक नम्वर" अन्तर्गत रहेको थियो । हाल यस जिल्लालाई राजनैतिक र प्रशासनिक हिसावले २ वटा संघिय र ४ वटा प्रदेशिक, १० वटा गाउँपालिका तथा २ नगरपालिका र ८८ वडाहरूमा विभाजन गरिएको छ ।

## १.४ हावापानी (Climate) :-

यस जिल्लाको भु-धरातलिय वनावटको परिणामस्वरूप हावापानीमा समेत निकै विविधता पाउँन सकिन्छ । जिल्लाको हावापानीलाई मोटामोटीरूपमा ठण्डा, समशितोष्ण र समउष्ण गरी तीन किसिमले विभाजन गर्न सकिन्छ । उच्च पहाडीभेगमा प्रायः ठण्डाप्रकृतिको (Cool Temperate Climate)हावापानी पाईन्छ, जहां हिउदयाममा हिमपात समेत हुने गर्दछ । होचो पहाडीक्षेत्रमा न त जाडोमा धेरै ठण्डी न त बर्षामा धेरै गर्मि नैहुने विशेष प्रकारको समशितोष्ण (Sub Tropical Climate)खालकोहावापानी र बेसी तथा टारहरूमा बर्षायाममा झण्डै भित्री मधेशमा जस्तो उष्णप्रकृतिको (Sub Tropical Climate) हावापानी पाउँन सकिन्छ । यहां गर्मियाममा औषत अधिकतम तापक्रम १९.७५ डिग्री सेल्सियससम्म र हिउँदमा औषत न्युनतम तापक्रम १०.०२ डिग्री सेल्सियससम्म तापक्रम पुग्ने गर्दछ । चैत्र र वैशाख महिनामा तापक्रम अधिकतम विन्दुमा पुग्दछ भने मंसिरदेखि माघ महिनासम्म निकै तल झर्दछ । असार र साउनमा अधिकतम ६९१.७ मिलि मिटरसम्म बर्षा हुन्छ भने हिउँदका महिनाहरूमा यसको मात्रा नगन्य रहन्छ । बार्षिक औषत बर्षा १८४.६४ मिलि मिटरसम्म हुने गर्दछ ।

## १.५ जनसंख्या (Population) :-

### ऐतिहासिक जनसंख्याः

### जनगणना वर्ष र वार्षिक परिवर्तन दर

| | | |
|---|---|---|
| २०३८ | २०२,९७६ | - |
| २०४८ | २४५,२६० | +१.९१% |
| २०५८ | २८८,४७८ | +१.६४% |
| २०६८ | २७७,४७१ | -०.३९% |
| २०७८ | २६३,३९१ | -०.५३% |

२०७८ सालको जनगणना अनुसार, नुवाकोटको कुल जनसंख्या २६३,३९१ रहेको छ । त्यसमध्ये ७.२२% बालबालिका (५ वर्ष मुनि) छन् र साक्षरता दर ६९.०७% रहेको छ । अन्य सूचकहरू निम्न तालिकामा उल्लेख गरिएको छ ।

| | |
|---|---|
| लिङ्गानुपात | प्रति १००० पुरूषमा १०४२ महिला । |
| शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या | ९४,४५१ (३५.८६%) । |

### जात/जातीय समूह (Castes/Ethnic groups, २०७८)

| जात | जातीय समूह प्रतिशत |
|---|---|
| तामाङ | ४३.२% |
| बाहुन | १७.१% |
| क्षेत्री | ११.९% |
| नेवार | ७.७१% |
| राई | ४.४३% |
| कामी | ३.११% |
| मगर | २.४३% |
| सार्की | १.९५% |
| दमाई | १.९५% |
| गुरूङ | १.०२% |
| घले | १.०१% |
| कुमाल | ०.९५% |
| अन्य पहाडी जनजाति | १.४१% |
| अन्य | १.७४% |

## जातीय संरचना अनुसार:

| | |
|---|---|
| पहाडी जनजाति | ५४% |
| खस आर्य (बाहुन, क्षेत्री, आदि) | ३७% |
| नेवार समुदाय | ७% |

## भाषा (Languages, २०७८)

| भाषा | प्रतिशत |
|---|---|
| नेपाली | ५१.०% |
| तामाङ | ४०.८% |
| नेपाल भाषा (नेवारी) | ३.२८% |
| दनुवार | १.११% |
| राई | ०.९७% |
| अन्य | २.८५% |

**स्रोत** : *https://www.wikipedia.org/*

## प्रशासनिक व्यवस्था (Administration)

### नुवाकोट जिल्लामा जम्मा १२ वटा नगरपालिका रहेका छन् –

- २ वटा नगरपालिका (Urban municipalities)
- १० वटा गाउँपालिका (Rural municipalities)

## नगरपालिका (Municipalities):

- बिदुर नगरपालिका
- बेलकोटगढी नगरपालिका

## गाउँपालिका (Rural Municipalities):

- ककनी गाउँपालिका
- पञ्चकन्या गाउँपालिका
- लिखु गाउँपालिका
- दुप्चेश्वर गाउँपालिका
- शिवपुरी गाउँपालिका
- तादी गाउँपालिका
- सूर्यगढी गाउँपालिका
- तारकेश्वर गाउँपालिका
- किस्पाङ गाउँपालिका
- म्यगाङ गाउँपालिका

### १.९ प्रमुख नदी तथा खोलाहरु (Main river & streams) :-

विभिन्न स्थानहरूवाट बग्ने नदी तथा खोलाहरू र उच्च पहाडीक्षेत्रमा रहेका ताल तलैयाहरू नै जिल्लाका प्रमुख जलसम्पदाहरू हुन् । त्रिशुली र तादी जस्ता मुख्य नदीहरू र सलाखु, लिखु, कुमरी, फलाखु, सिन्दुरे, सामारी, छत्रे, कोल्पु लगायतका अन्य साना खोलाहरू लगायत सुर्य कुण्ड, सागर कुण्ड, बोल्देही ताल जस्ता ताल तलैयाहरूले जिल्लाको जलाधार क्षेत्रमा महत्वपुर्ण स्थान ओगटेका छन् ।

### १.१० प्रमुख ऐतिहासिक एवं धार्मिक क्षेत्र (Main historicial & religious sector) :-

यस जिल्लामा भैरवी, जालपादेवी, दुप्चेश्वर महादेव,पञ्चकन्या, राम मन्दीर,उग्रतारा, उत्तरगया, सुगतपुर विहार, बाराही, वासुकी, वाघ भैरव, भैरमकोट, बागेश्वरी, जलेश्वरी, शिवालय, कपिलेश्वर महादेव आदि प्रमुख धार्मिक स्थलहरू र नुवाकोट दरवारक्षेत्र, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह स्मृती उद्यान, श्री ५ विरेन्द्र स्मृती उद्यान आदि ऐतिहासिक सम्पदाहरू रहेका छन् । जिल्लाको दक्षिणपुर्वि क्षेत्रमा अवस्थित ककनी आन्तरिक तथा वाहृय पर्यटनको दृष्टिकोणले निकै महत्वपुर्ण स्थान मानिन्छ । नुवाकोट दरवारक्षेत्र, सागरकुण्ड, देविघाट, उत्तरगया, बोल्देही ताल, आदि अन्य ख्यातिप्राप्त पर्यटकीय क्षेत्रहरू हुन् ।

## २. विकास संरचना तथा यस संग सम्वधित पक्षहरू

## (Development Infrastructure & its related Factors)

### २.१ संचार (Communication) :-

संचारका माध्यामहरूको विषयमा उल्लेख गर्दा हुलाक, टेलिफोन, रेडियो, टि.भी. तथा पत्रपत्रिकाहरूको संचार जगतमा महत्तपुर्ण स्थान रहन्छ । यस सन्दर्भमा नुवाकोट जिल्लाको अवस्था निम्नानुसार रहेको पाइन्छ ।

#### क) हुलाकः-

जिल्ला हुलाक कार्यलय र १३ इलाका हुलाक , ५० अतिरीक्त हुलाक कार्यलय जिल्लामा अवस्थित छन् । जस मध्ये ५ वटा इलाका हुलाक देविघाट, रानिपौवा, खरानीटार, तारूका, र थानसिङ कार्यलयहरूमा टेलिसेन्टर सेवा समेत विस्तारका भई कम्प्युटर वेसिक सिकाई साथै फोटोकपि, लेमिनेसन र टेलिफोनको सुविधा समेत दिदै आएको तथा जिल्ला हुलाक कार्यालय वाट हुलाक वचत वैंकको सेवा समेत दिदै आएको छ ।

#### ख) टेलीफोनः-

टेलीफोन को कुरा गर्दा जिल्लामा रहेको नेपाल टेलिकम दुर सञ्चार कार्यलयवाट जिल्लाका नगर पालिका क्षेत्रका साथमा ढिकुरे, रनीपौवा र वेत्रावती क्षेत्रमा Land Line टेलिफोनको साथमा ADSL टेलीफोन सेवा र सवै गा.वि.स.हरूमा CDMA साथै नमस्ते (GSM) र Ncell नेटवर्क सेवा रहेको छ । केहि स्थानहरूमा UTL र Smart नेटवर्क सेवा समेत रहेको छ । ककनी, फिकुरी र नुवाकोट रहेका टावर कभरेज क्षेत्रमा Ymax Internet सेवा समेत जिल्लामा उपलब्ध छ भने केहि स्थानहरूमा Broad Link, Subishu, websurfer मार्फत Internet सेवा उपलब्ध छ ।

### २.२ यातायात (Transportion) :-

यस जिल्लालाई काठमाण्डौ वालाजु ककनी हुंदै त्रिशुली सम्म ६९ कि.मी. पासाङ ल्लामु राजमार्ग, काठमाण्डौ गल्छी त्रिशुली ७६ कि.मि मार्ग र काठमाण्डौ टोखा गुर्जे भन्ज्याङ छहरे त्रिशुली ४८ कि.मि तिन वटा सडकहरूले अन्तर जिल्ला सडकको पहुंच योग्य वनाएको छ, भने त्रिशुली स्याफ्रुवेसी, त्रिशुली मेघाङ, त्रिशुली

सामरी आदि सडकहरूले जिल्लालाई रसुवा र धादिङ लाई समेत सडक सन्जालले जोडेको छ । आन्तरिक रूपमा वट्टार गंगटे खरानीटार समुन्द्रटार पक्की सडकले जिल्लाका पुर्वि गा.वि.सहरूलाई जोडेको छ भने अन्य कच्चि सडकहरूले पनि ग्रामिण भेगलाई सेवा पुऱ्याइरहेको छ । जिल्लाका ८० प्रतिशत वाह्रै महिना चल्ने सडक विस्तार भएका छन् । अन्य गाउँपालिकाहरूमा मौसमी सडक सन्जालमा आवद्ध रहेका छन् । यसरी जिल्लाका १० वटा गाउँपालिका र २ वटा नगरपालिकाहरू पक्की वा कच्ची सडक सन्जालले जोडेको छ ।

## ३. अस्पतालको परिचय (Introduction) :-

त्रिशुली अस्पताल, नुवाकोट विदुर नगरपालिका वार्ड नं.९ स्थित कोलनी हाइटमा रहेको छ । वि.स. २०३२ सालमा स्थापना भएको अस्पताल १३ रोपनी २ पैसा क्षेत्रफल रहेको छ । वि.स. २०६९ देखि अस्पतालको स्तरोन्नति भई ५० शैयाको अस्पताल कायम भएको थियो हाल वि.स २०८०/११/३० को परिपत्रनुसार Secondary A Level 100 Bed अस्पताल स्तर उन्नतिभई ९९ जना दरबन्दि तेरिजमा स्वीकृत भएको छ । यस जिल्लाको एक मात्र रिफरल सेन्टरको रूपमा रहेको यस अस्पतालले सिमित स्रोत साधनको उचित प्रयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउंदै आएको छ ।

हाल १८ जना विशेषज्ञ डाक्टर, १५ जना मेडिकल अधिकृत र ३ जना डेन्टल सर्जन गरी ३६ जना डाक्टरहरू अस्पतालमा कार्यरत्त हुनुहुन्छ । साथै विकास समिति, स्थाई करार दरबन्दी, अस्थाई करार दरबन्दी र अन्य संघ सस्था बाट सहयोग गरि कुल २१३ जना कर्मचारीहरूद्वारा सेवा दिईरहेको छ ।

**अस्पतालले निम्न सेवाहरू उपलब्ध गराउदै आइरहेको छ ।**

- आकस्मिक सेवा २४ सै घण्टा
- शल्यक्रिया सेवा
  - Major Surgery
  - Minor Surgery
  - Laparscopy Surgery
- सामान्य तथा शल्यक्रियाद्वारा गरिने २४ सै घण्टा प्रसुती सेवा
- अन्तरंग सेवा २४ सै घण्टा
- बहिरंग सेवा
- एक्स-रे सेवा २४ सै घण्टा
- भिडियो एक्स-रे सेवा २४ सै घण्टा
- प्रयोगशाला सेवा
  - आकस्मिक प्रयोगशाला सेवा २४ सै घण्टा
  - जनरल प्रयोगशाला सेवा ओ.पि.डी समय सम्म
- खोप सेवा
- गर्भवती जाँच सेवा
- परिवार नियोजन सेवा
- सुरक्षित गर्भपतन सेवा
- DOTS and ART सेवा
- कुष्ठरोग उपचार सेवा

- फार्मेसी सेवा
    - इर्मेजेन्सी र अन्तरङ्ग फार्मेसी सेवा २४ सै घण्टा
    - विमा/ओ.पि.डी फार्मेसी सेवा ओ.पि.डी समय सम्म मात्र
- एकद्वार संकट व्यवस्थापन केन्द्र
- दन्तरोग सेवा
- फिजियोथेरापी सेवा
- सामाजिक सेवा एकाईद्वारा प्रदान गरिने सेवा
- ICU सेवा
- NICU सेवा
- CT–Scan सेवा
- Dialysis सेवा
- शल्यक्रिया सेवा २४ सै घण्टा
- Dexa Scan सेवा
- Mammogram सेवा
- आकस्मिक प्रयोगशाला सेवा
- रक्त सञ्चार सेवा
- Dressing and ECG सेवा
- ECHO सेवा
- Endoscopy सेवा
- Cystoscopy सेवा
- Pathalogy सेवा
    - FNAC Services
    - PBS Services

## ३.१. Name of Hospital Development Committee Member FY 2081/82

| सि.नं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष | अध्यक्ष | |
| २. | प्रतिनिधि (जि.प्र.का) | सदस्य | |
| ३. | प्रतिनिधि (नगरपालिका) | सदस्य | |
| ४. | प्रतिनिधि (को.ले.नि.का) | सदस्य | |
| ५. | अस्पताल प्रशासन प्रमुख | सदस्य | |
| ६. | अस्पतालको सिनियर डाक्टर | सदस्य | |
| ७. | अस्पताल प्रमुख | सदस्य सचिव | |

### ३.२. Chairperson of Hospital Development Committee

| सि.नं. | नाम | देखि | सम्म |
|---|---|---|---|
| १. | श्री शम्भु तिमिल्सिना | २०६९ | २०७१ |
| २. | श्री अरुण कुमार श्रेष्ठ | २०७२ | २०७४ |
| ३. | श्री पारस अधिकारी | २०७४ | २०७५ |
| ४. | श्री अर्जुन प्रसाद न्यौपाने | २०७५ | २०७९-०१-१२ |
| ५. | श्री राजु पण्डित | २०७९-०१-१३ | २०८१-२-१८ |
| ६. | श्री उपेन्द्र बुढाथोकी | २०८१-०८-२७ | हाल |

### ३.३. Hospital Chief

| सि.नं. | नाम | देखि | सम्म |
|---|---|---|---|
| १. | डा.सुर्य प्रसाद भुसाल | २०७१/१२/१० | २०७४/०५/२९ |
| २. | डा. जेस्मिन श्रेष्ठ | २०७४/०५/३० | २०७५/०२/१९ |
| ३. | श्री देवकी खतिवडा | २०७५/०३/१८ | २०७५/१२/०२ |
| ४. | डा.विनोद कुमार गिरी | २०७५/१२/३ | २०७६/३/१६ |
| ५. | डा.रेम कुमार राई | २०७६/०४/०१ | २०७७-०६-१८ |
| ६. | डा. दिपेन्द्र पाण्डे | २०७७-०७-२१ | २०८०/०१/१२ |
| ७. | डा.प्रतिक सिंह | २०८०/०१/१३ | २०८१/०१/२२ |
| ८. | डा.राजेन्द्र लामा | २०८१/०१/२३ | हाल |

### ७. अस्पतालको भौतिक सम्पत्तिको विवरण

**अस्पताको नाममा भएको जग्गा क्षेत्रफल** : १३-०-२-०

**अस्पतालको जग्गा धनी पुर्जा अनुसार नाम र ठेगाना** : श्री त्रिशुली अस्पताल ,नुवाकोट

**कित्ता नं.** २११

### ३.४ अस्पतालको संक्षिप्त परिचय :

| अस्पतालको प्रकार | प्रादेशिक अस्पताल |
|---|---|
| कुल स्वीकृत शैय्या संख्या | १०० |
| प्रदेश सरकार तर्फको शैय्या संख्या | १०० |
| अस्पताल सञ्चालन समिति तर्फको शैय्या संख्या | ० |
| कुल सञ्चालित शैय्या संख्या | १०० |
| मे.सु/निर्देशक को नाम, थर | डा. राजेन्द्र लामा |
| सम्पर्क नं: | ९८५११६८१८८ |
| इमेल: | rlblone20@gmail.com |

### ३.५. अस्पतालको बेड विवरण :

| Description | Total |
|---|---|
| Sanctioned Beds | 100 |
| Total operational Beds | 100 |
| In Patient Department | |
| Medicine | 12 |
| Maternity | 13 |
| ICU beds | 8 |
| NICU bed/SNCU | 5 |
| HDU | 0 |
| Emergency | 9 |
| Geriatric | 6 |
| Pediatric | 4 |
| Psychiatry | 2 |
| Surgery | 5 |
| OT beds | 9 |
| अन्य वार्डहरु भएमा थप गर्नुहोस | |
| Dialysis | 6 |
| Physiotherapy | 10 |
| Cabin | 1 |
| विपन्न नागरिकका लागि बेड संख्या | 10 |
| Grand Total | 100 |

## ३.६ स्वीकृत दरवन्दी तथा कार्यारत कर्मचारीको विवरण :-

| तह | स्थाई | | विकास समिति | | प्रदेश स्थाई करार | | अन्य स्रोत (छात्रवृत्ती, कार्यक्रम...) | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत |
| ११ औं | १ | | | | | | | | १ | |
| ९/१० औं | १३ | ३ | | | | ३ | | १६ | १३ | २२ |
| ८ औं (मे.अ.) | ९ | २ | | | | ७ | | ८ | ९ | १७ |
| ७/८ औं (मे.अ. बाहेक) | ६ | २ | | | | ४ | | १८ | ६ | २४ |
| ५/६/७ औं | ४६ | २१ | | ९ | | २३ | | ११ | ४६ | ६४ |
| ४/५/६ औं | ७ | २ | | ५ | | ५ | | ११ | ७ | २३ |
| ५/६ औं (प्रशासन/लेखा) | २ | २ | | | | | | | २ | २ |
| ४/५ | ३ | ० | | | | २ | | | ३ | २ |
| श्रेणी विहिन | १२ | २ | | ३८ | | ९ | | १० | १२ | ५९ |
| जम्मा | ९९ | ३४ | | ५२ | | ५३ | | ७४ | ९९ | २१३ |


## ३.७ एम्बुलेन्स र शव वहान विवरण :

| Category of ambulance | Total number | Status | | GPS | |
|---|---|---|---|---|---|
| | | Functional | Non Functional | Used | Not Used |
| A | 0 | 0 | 0 | 0 | 0 |
| B | 1 | 1 | 0 | 1 | 0 |
| Patient carrying vehicle | 1 | 1 | 0 | 0 | 0 |
| Mortuary Van | 1 | 1 | 0 | | |


## ८. Hospital reporting status

| Indicators | 2079/80 | 2080/81 | 2081/82 |
|---|---|---|---|
| Monthly Reporting Status(%) | 88 | 100 | 100 |
| Timeliness (%) of Monthly Report | 75 | 95 | 99 |
| EWARS Reporting rate (%) | 95 | 100 | 100 |
| EWARS Timeliness rate (%) | 90 | 95 | 98 |
| Average daily OPD visit (Number) | 277 | 323 | 442 |
| Bed occupancy rate(%) | 42 | 46 | 51.25 |
| Average length of stay(Days) | 2.13 | 2.35 | 2.56 |
| Through output of patients | 4 | 4.23 | 5.97 |
| Bed turnover interval (Days) | 2.31 | 2.35 | 2.43 |

### ४.१ ओ.पी.डी. भिजिटको ट्रेन्ड (संख्यामा) :





### ४.२ इमर्जेन्सी भिजिटको ट्रेन्ड (संख्यामा) :




## ४.३ Trend on admission and discharge in FY 2081/82

| FY | LAMA | DOPR | Refer out | Death | Recovered |
|---|---|---|---|---|---|
| **2081/82** | 104 | 27 | 439 | 22 | 4086 |




## ४.४ संस्थागत प्रसुति सेवाको ट्रेन्ड :





| FY | Total Deliveries |
|---|---|
| 2079/80 | 754 |
| 2080/81 | 649 |
| 2081/82 | 819 |


## ४.५ निदानत्मक सेवाहरुको विवरण :

| Diagnostic/Other Services | Unit | 2079/80 | 2080/81 | 2081/82 | (+/-) |
|---|---|---|---|---|---|
| X-ray | Number | 22445 | 24402 | 27230 | |
| Ultrasonogram (USG) | Number | 12532 | 15249 | 19361 | |
| Echocardiogram (Echo) | Number | 203 | 11 | 444 | |
| Electro Encephalogram (EEG) | Number | - | - | - | |
| Electrocardiogram (ECG) | Number | 6185 | 7935 | 12683 | |
| Treadmill Test (TMT) | Number | - | - | - | |
| Computed Tomographic (CT) Scan | Number | 1 | 27 | 1379 | |
| Magnetic Resonance Imaging (MRI) | Number | - | - | - | |
| Endoscopy | Persons | 64 | 54 | 246 | |
| Spirometry (PFT) | Persons | - | - | - | |
| Bone Scan | Persons | 0 | 0.14 | 0.405 | |
| Colonoscopy | Persons | - | - | - | |


## ४.६ लिङ्गअनुसार शल्यक्रियाको ट्रेन्ड (Inpatient Major Surgeries) :




४.७ Inpatient Minor Surgeries :-




४.८ Emergency minor surgeries :-





४.९ OPD minor surgeries :-



### ४.१० अस्पतालको मूख्य सूचकहरू :

| Indicators | 2079/80 | 2080/81 | 2081/82 | (+ / - / =) |
|---|---|---|---|---|
| Doctor Patient ratio in OPD | 1:45 | 1:57 | 1:70 | |
| Nurse: In-patient Ratio | 1:18 | 1:17 | 1:21 | |
| Doctor: In patient ratio | 1:30 | 1:30 | 1:45 | |
| Nurse inpatient ratio | 1:45 | 1:57 | 1:65 | |
| Outpatient Sex Ratio | 0.55 | 0.65 | 0.73 | |
| Inpatient sex Ratio | 0.67 | 0.73 | 0.81 | |
| % of Surgeries among In-Patients | 37.56 | 38.21 | 41.51 | |
| Infection rate among surgical cases | 0.207 | 0.209 | 0.206 | |
| OT per day (Number) | 3.55 | 5.42 | 7.13 | |
| Major OT % | 36.72 | 34 | 35.38 | |

### ४.११ पोष्टमोर्टमको ट्रेन्ड :



## ४.१२ TOP TEN CAUSES OF MORBIDITY :-

| Rank | Disease Rank wise (2081/82) | ICD Code | Number of cases (2081/82) | Rank (2080/81) | Rank (2079/80) |
|---|---|---|---|---|---|
| 1 | Gastritis(APD) | DA42 | 6170 | 1 | 2 |
| 2 | Hypertension(HTN) | BA00 | 5434 | 3 | 1 |
| 3 | Diabetes Mellitus | 5A14 | 4764 | 2 | 4 |
| 4 | Rheumatoid Arthritis | FA20 | 4655 | 6 | 3 |
| 5 | Mental illness(Unspecified) | 6E87 | 1984 | 4 | 7 |
| 6 | COPD | CA22 | 4473 | 5 | 6 |
| 7 | Anxiety Disorder | MB24.3 | 1264 | 9 | 9 |
| 8 | Abscess | 1B75.3 | 1255 | 7 | 8 |
| 9 | UTI | GCOD | 1131 | 10 | 5 |
| 10 | Headache | MB4D | 1055 | 8 | 10 |

## ४.१३ Safe Abortion Services :-

| Safe Abortion Care | 2079/80 | 2080/81 | 2081/82 | (+ / -) |
|---|---|---|---|---|
| 1.No of CAC (Surgical Abortion) | 2 | 5 | 2 | |
| 2. No of CAC (Medical Abortion) | 104 | 91 | 57 | |
| 3. Proportion of <20 years women receiving abortion service | 0.037 | 0.0104 | 0.0847 | |
| 4. No of abortion complication | 6 | 5 | 3 | |
| 5. Proportion of long-term contraception among post abortion contraception used | 0.36 | 0.433 | 0.262 | |
| 6. No of PAC | 68 | 130 | 93 | |

### ४.१४ मातृ तथा परिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) कार्यक्रम :

| Type | Total number of cases | | | |
|---|---|---|---|---|
| | 2079/80 | 2080/81 | 2081/82 | (+/-) |
| Number of Maternal Death at Hospital | 0 | 0 | 0 | |
| Number of Neonatal Death at Hospital | 0 | 0 | 0 | |
| Number of Perinatal Deaths in hospital | 0 | 3 | 2 | |
| Number of still births | 0 | 3 | 2 | |
| Number of early neonatal deaths | 0 | 0 | 0 | |
| Number of hospital maternal deaths reviewed | 0 | 0 | 0 | |
| Number of hospital perinatal deaths reviewed | 0 | 3 | 2 | |

### ४.१५ Hospital Based One Stop Crisis Management Center (OCMC) :-

| Type of crime | Total number of cases (New) | | |
|---|---|---|---|
| | 2079/80 | 2080/81 | 2081/82 |
| Sexual Assault | 6 | 7 | 14 |
| Physical Assault | 7 | 18 | 32 |
| Domestic Violence | - | - | - |
| Self-harm | - | - | - |
| Child / Forced Marriage | - | - | 7 |
| Harmful Traditional Practices | - | - | - |
| Denial of Resources, Opportunities/ Services | - | 4 | 23 |
| Emotional | 6 | 12 | 5 |
| Rape | 7 | 20 | 25 |
| Total | 26 | 61 | 106 |

## ४.१६ Total Patients Served by Social Service Unit in FY 2081/82 :-

| Target Group | Number | | |
|---|---|---|---|
| | Female | Male | Total |
| अति विपन्न/ विपन्न | 96 | 101 | 197 |
| असहाय | 0 | 2 | 2 |
| Person with Disability | 8 | 16 | 24 |
| Senior Citizen | 4 | 2 | 6 |
| Victims of Gender Based Violence | 0 | 0 | 0 |
| Female Health Volunteers | 0 | 0 | 0 |
| Total | 108 | 121 | 229 |

## ४.१७ मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम :-

| स्क्रिनिङ्ग गरिएको जम्मा सेवा ग्राहीहरुको संख्या | | | |
|---|---|---|---|
| उमेर समुह | लिङ्ग | | |
| | महिला | पुरुष | अन्य |
| ३०-३९ बर्ष | २७५ | ८४ | |
| ४०-४९ बर्ष | ११२ | ५५ | |
| ५०-५९ बर्ष | ४४ | २० | |
| ६० बर्ष वा सो भन्दा माथि | ९ | ० | |
| जम्मा | ४४० | १५९ | |

| नयाँ सेवाग्राहीहरूको विश्लेषण | | | |
|---|---|---|---|
| रोग / अवस्था | निदान | उपचार / व्यवस्थापन | प्रेषण |
| Hypertension | 54 | | |
| Diabetes | 31 | | |
| CVDs | | | |
| Chronic Kidney Disease | | | |
| Chronic Obstructive Pulmonary Disease | | | |
| Chronic Liver Disease / Alcoholic Liver Disease 1 | | | |
| VIA Positive | 34 | | |
| Uterus prolapse | 14 | | |
| Others | | | |

## ४.१८ मृत्युको कारण (२०८१/८२):

| CAUSES/DISEASES | Number | | |
|---|---|---|---|
| | Female | Male | Total |
| AE of COPD with Cardiac pulmonary arrest | 6 | 12 | 18 |
| CLD with Sepsis | | 1 | 1 |
| Uncontrolled DM | | 1 | 1 |
| Bronchogenic carcinoma with Pneumonia | | 1 | 1 |
| HTN, DM with Prostrate carcinoma | | 1 | 1 |
| PTB with aspirate Pneumonia | | 1 | 1 |
| Pancreatitis | 1 | | 1 |
| Lungs Carsinoma | | 1 | 1 |
| OP poisoning | 1 | | 1 |
| Myocardial Infraction | 4 | | 4 |
| CKD with COPD | 1 | | 1 |
| RTA | | 1 | 1 |

## ५ न्यूनतम सेवा मापदण्ड (MSS Status) :

| Indicators | 2079/80 | 2080/81 | 2081/82 | (+ / -) |
|---|---|---|---|---|
| Governance | 91 | 94 | 93 | |
| Clinical service management | 97 | 96 | 73 | |
| Hospital support Service | 95 | 97 | 94 | |
| Overall MSS Score | 96 | 96 | 81 | |

### ५.१ न्यूनतम सेवा मापदण्ड कार्यक्रम मार्फत गरिएका प्रमुख गतिविधिहरु :

| कार्यक्रम / क्रियाकलाप शिर्षकहरु | विनियोजित बजेट | खर्च | कैफियत |
|---|---|---|---|
| अस्पतालको सुदृढीकरण लागि गठित समितिको बैठक | 70,000 | 70,000 | |
| सामाजिक परिक्षण | 80,000 | 80,000 | |
| सेवा विस्तारका लागि भौतिक संरचना निर्माण / मर्मत सम्भार | 10,00,000 | 10,00,000 | |
| औजार उपकरण खरिद / मर्मत सम्भार | 8,00,000 | 8,00,000 | |
| अस्पतालजन्य फोहोरमैला व्यवस्थापन | 5,00,000 | 5,00,000 | |
| अस्पताल फार्मेसी संचालन तथा सुदृढीकरण | 5,00,000 | 5,00,000 | |
| CME र CNE मा थप सहयोग कार्यक्रम संचालन | 2,70,000 | 2,70,000 | |
| अस्पतालको स्वास्थ्य व्यवस्था सुचना प्रणाली सुदृढीकरण | 10,00,000 | 10,00,000 | |
| MSS मापन समिक्षा र फलोअप | 80,000 | 80,000 | |
| नया भवन निर्माण भएका अस्पतालमा फर्निसिङ | - | - | |
| उपचारात्मक र निधानात्मक सेवा सुधारका लागि आवश्यक अन्य कार्य | 5,00,000 | 5,00,000 | |
| कुल | 48,00,000/- | 48,00,000/- | |

### ५.२ न्यूनतम सेवा मापदण्ड कार्यक्रम अन्तर्गत गरिएका खरिद सामाग्रीहरु :

| Major procurement 2081/82 | Remarks |
|---|---|
| Centrifuge machine | |
| Cystoscopy set | |
| Auto report printer using Bar code | |

| | |
|---|---|
| Electrolyte Analyzer | |
| ABG machine | |
| Full auto biochemistry analyzer | |
| Integrated biochemistry analyzer with centrifuge | |
| Color Doppler Ultrasound echo cardiograph machine with accessories | |
| Anesthesia Machine | |

## ६. Hospital Related Instruments

| Department | Name of equipments | Quantities | |
|---|---|---|---|
| | | Functional | Non Functional |
| Radiology: | X-Ray Machine | 1 | 0 |
| | CR Set | 1 | 0 |
| | Echo Machine | 1 | 0 |
| | USG Machine | 1 | 0 |
| | DEXA Scan | 1 | 0 |
| | ECG Machine | 9 | 0 |
| | CT machine | 1 | 0 |
| | Mamogram | 1 | |

| Department | Name of equipments | 1Quantities | |
|---|---|---|---|
| | | Functional | Non Functional |
| Operation Theater | 1.Monitor | 2 | 0 |
| | 2.Ventillator | 2 | 0 |
| | 3.Suction machine | 3 | 0 |
| | 4.Cautry machine | 2 | 0 |
| | 5.OT lights | 2 | 0 |
| | 6.O2 cylinder with flow meter | 2 | 0 |
| | 7.C-Arm Machine | 1 | 0 |
| | 8. Laparoscopy e.t.c | | 0 |
| Laboratory | 1.Microscope | 2 | 1 |
| | 2.Erba chem 5(semi auto analyzer) | 2 | 1 |
| | 3.Centrifuse | 1 | 0 |
| | 4.Oven | 1 | 1 |
| | 5.Waterbath | 0 | 0 |
| | 6.Fridge | 2 | 0 |
| | 7.GeneXpert machine | 1 | 0 |
| | 8. Colorimeter | 1 | 0 |
| | 9.Rotator | 1 | 0 |
| | 10. Clia Machine | 3 | 0 |
| | 11. Fully Hematology Culture Counter | 2 | 0 |
| | 12. Sodium Potassium | 2 | 1 |
| | 13. Semi Sodium Potassium | 1 | 0 |
| | 14. Fully Biochemistry Analyzer | 3 | 0 |
| | 15. Microscope | 1 | 1 |
| | 16. Fine car | 2 | |

| Department | Name of equipments | Quantities | |
|---|---|---|---|
| | | Functional | Non Functional |
| Emergency | 1. Patient Monitor | 9 | 0 |
| | 2. ECG Machine | 2 | 1 |
| | 3. O2 Concentrator | 1 | 0 |
| | 4. Electric Plaster Cutter | 1 | 0 |
| | 5.Suction Machine | 1 | 0 |
| | 6.Foreign Body Removal | 1 | 0 |
| | 7.Laryngoscope | 1 | 0 |
| | 8.ENT Set | | |
| ICU | 1.Ventilator | 7 | 0 |
| | 2. NB mask | 7 | 0 |
| | 3. BiPap | 7 | 0 |
| | 4.Cpap | | |
| NICU | 1.Baby Warmer | 4 | 0 |
| | 2.Monitor | 2 | 0 |
| | 3.Phototherapy machine | 3 | 0 |
| | 4.Glucometer | 1 | 0 |
| | 5.O2 concentrator | 1 | 0 |

## ७. FINANCE

आ. व. २०८१/८२ को अस्पताल फार्मेसीको अवस्था :

| विवरण | अवस्था |
|---|---|
| फार्मेसी संचालन गरेको मिति | २०७४/०४/१८ |
| फार्मेसीमा उपलब्ध औषधिहरूको संख्या | १२४६ |
| फार्मेसीमा कार्यरत जनशक्ती संख्या (जना) | १३ (का.स . सहित) |
| Software को अवस्था (उपलब्धता, अवस्था) | उपलब्धता |
| वार्षिक आम्दानी रकम (रू) | ६,९१,९१,८८८/- |
| वार्षिक खर्च (औषधि खरिद, कर्मचारी तथा अन्य) रू. | ४,८०,३९,०८८/- |
| अस्पतालले औषधी खरिद गर्ने बिधि/ प्रक्रिया | E-Bidding |

७.१ वित्तीय विवरण (संघीय ससर्त तर्फ) :-

| Budget | Budget Allocated | Budget Released | Budget Expenditure | Irregularities (बेरुजु) २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | | | | Amount | Clearances | % Clearances |
| Capital | - | - | - | - | - | - |
| Recurrent | 3,46,15,000 /- | 3,43,51,469 /- | 3,43,51,469 /- | - | - | - |
| Total | 3,46,15,000 /- | 3,43,51,469 /- | 3,43,51,469 /- | 3,91,82,353 /- (संघीय र प्रदेशको संगै रहेको ) | 46,60,461 /- (संघीय र प्रदेशको संगै रहेको ) | 12% |

### ७.२ वित्तीय विवरण (प्रदेश श्रोत) :–

| Budget | Budget Allocated | Budget Released | Budget Expenditure | Irregularities (बेरुजु) २०८१/८२ | | |
|---|---|---|---|---|---|---|
| | | | | Amount | Clearances | % Clearances |
| Capital | 1,90,41,000 /- | 1,69,45,462 /- | 1,69,45,462 /- | - | - | - |
| Recurrent | 13,66,53,000 /- | 12,11,04,932 /- | 12,11,04,932 /- | - | - | - |
| Total | 15,56,94,000 /- | 13,80,50,394 /- | 13,80,50,394 /- | 3,91,82,353 /- (संघीय र प्रदेशको संगै रहेको ) | 46,60,461 /- (संघीय र प्रदेशको संगै रहेको ) | 12% |

### ७.३ अस्पताल संचालन तथा व्यवस्थापन समिति :

| Description | |
|---|---|
| 1. Number of meetings held in FY २०८१/८२ | 6 |
| 2. Financial Information | Amount (NPR) in thousand |
| 2.1. Balance @ end Asar 2081 | 3,99,606/- |
| 2.2. Income (service fees, rent, donation etc.) | 17,91,87,880/- |
| 2.3. Expenses | 17,76,56,370/- |
| 2.4. Balance @ end Asar 2082 | 15,31,510/- |
| 2.5. Details of any donation received, gift in kind (equivalent In NRs) explain in detail | |

### ७.४. आ.व. २०८१/०८२ को आम्दानी र खर्चको विवरण :

| आम्दानी २०८१/८२ | | | खर्च २०८१/८२ | | | |
|---|---|---|---|---|---|---|
| स्रोत | रकम | प्रतिशत (%) | स्रोत | रकम | प्रतिशत (%) | कैफियत |
| OPD | 23,45,362/- | 2.92% | Human Resources (Salary) | 1,01,76,541/- | 14.9% | |
| Emergency | 4,90,450/- | 0.61% | HR(Incentives ) | 2,26,77,853/- | 33.13% | |
| ICU charge | 14,93,868/- | 1.86% | Machinery/ Equipment | 26,53,948/- | 3.87% | |
| Ambulance | 83,980/- | 0.104% | Medicine and Surgical items | 2,91,20,606/- | 42.54% | |
| Laboratory services | 2,95,31,845/- | 36.84% | Infra-structure (New/Re-pair) | 22,14,995/- | 3.23% | |
| Radiology Services | 51,82,045/- | 6.46% | Others | 15,97,010/- | 2.33% | |
| Pharmacy | 2,88,28,280/- | 35.96% | | | | |
| Surgery Services | 1,03,06,570/- | 12.85% | | | | |
| Indoor Services | | | | | | |
| Others | 18,91,629/- | 2.35% | | | | |

## ८. आ.व. २०८१/०८२ मा सञ्चालन गरिएका मुख्य-मुख्य कार्यक्रमहरु :-

**कार्यक्रमहरु :-**

- प्रदेश भित्र रहेका अस्पतालमा आपतकालिन अवस्थाको ब्यबस्थापन Drill अभ्यास
- सामाजिक सेवा इकाइमार्फत निःशुल्क उपचार व्यवस्थापन - विपन्न /असहाय/बेवारिसे, विपद्का घाइतेलगायतका लक्षित वर्ग
- मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमःनर्सने रोग पहिचानका लागि परीक्षण, परामर्श र व्यवस्थापन
- नवजात शिशु स्वास्थ्य स्क्रीनिंग तथा उपचार व्यवस्थापन कार्यक्रम
- हर्नियाको/हाईड्रोसिल तथा Pelvic Organ Prolapse निदान तथा उपचार कार्यक्रम
- अस्पतालमा पुर्नस्थापना सेवा स्थापना एवं सबलीकरण कार्यक्रम
- ICU सेवा संचालन तथा सुदृढीकरण

- प्रदेश अस्पतालहरू मार्फत ६५ वर्ष माथिका जेष्ठ नागरीकहरूलाई नि:शूल्क दन्त सहायता सामाग्री (CDD/RPD) सहयोग कार्यक्रम
- अस्पतालमा विरामीहरूको लागि नि:शुल्क औषधी खरीद
- नसर्ने रोग तथा मानसिक रोगका लागि औषधी (मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम समेत)
- अस्पतालमा मानसिक स्वास्थ्य तथा NCD परामर्श सेवा कक्ष स्थापना
- अस्पतालको सेवाको मासिक तथ्यांक संकलन, Verification र व्यवस्थापन
- अस्पतालमा भर्ना भएका बिरामीको खाना खाजा खर्च
- SNCU/NICU सेवा संचानल तथा विस्तार, क्षमताल विकास कार्यक्रम
- महामारी नियन्त्रणका लागि EMT / RRT परिचालन
- अस्पतालमा न्युनतम सेवा मापदण्ड (मर्मत सम्भार, बैठक, CME/CNE, समीक्षा, मापन) कार्यान्वयन र सुधार
- स्वास्थ्य बिमा सेवा प्रदान गर्ने प्रक्रिया सुदृढीकरण कार्यक्रम
- प्रयोगशालाको लागि रिएजेन्ट तथा केमिकल्स (Reagents & Chemicals) खरिद
- ओस्टियोपोरोसिस उपचार कार्यक्रम
- हेमोडाईलाईसिस सेवा (वार्ड संचालन,औषधी,उपकरण )
- अस्पतालमा विशेषज्ञ/विशिष्टीकृत सेवा सञ्चालन (व्यक्ति वा संस्था करार)
- अस्पतालमा न्युनतम सेवा मापदण्ड कार्यान्वयन र सुधारका लागि मेशिन औजार

## ९. संघिय सशर्त श्रोत तर्फका मुख्य मुख्य कार्यक्रमहरूको कार्यान्वयनको अवस्था २०८१/८२ :

**कार्यक्रमहरु :-**

- ए आर टि कन्सुलरको तलब तथा पोशाक भत्ता,ए आर टि संचालन खर्च (कार्यालय मसलन्द सामान खर्च), एआरटी कमिटीका लागि समन्यव बैठक खर्च, default chasing activities र निर्देशिका बमोजिमको ढुवानी खर्च
- अस्पताल मार्फत MNH कार्यक्रम संचालन
- प्रदेश तर्फ अस्पतालमा मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम
- प्रदेश स्थित अस्पतालको व्यवस्थापनको लागि अस्पताल व्यवस्थापन अधिकृत (Hospital management Officer) करार सेवामा नियुक्ति ( ५० शैया वा सो भन्दा माथिका प्रादेशिक अस्पतालका लागि )
- अस्पतालहरूमा खानेपानी, सरसफाई तथा स्वच्छता र स्वास्थ्यजन्य फोहर व्यवस्थापन सुधार तथा प्रतिवेदन कार्य
- अस्पतालहरूमा Early Warning and Reporting System (EWARS) सम्बन्धि अभिमुखिकरण, सेन्टिनल साईटहरूको संचालन खर्च

- अस्पतालहरूमा MMDP (Morbidity Management and Disability Prevention) Care and Support Center नियमित सञ्चालन खर्च
- अस्पतालमा आधारित जेरियाट्रिक वार्ड स्थापना, सामाजिक सेवा एकाई र एकद्वार संकट व्यवस्थापन केन्द्र संचालन कार्यक्रम
- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(संघ शसर्त अनुदान)
- परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान)
- महामारी रोग नियन्त्रण कार्यक्रम(संघ शसर्त अनुदान)
- उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान)
- स्वास्थ्य ब्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान)
- एड्स तथा यौन रोग नियन्त्रण(संघ शसर्त अनुदान)
- नर्सिङ तथा सामाजकि सुरक्षा सेवा र्कायक्रम (संघ शसर्त अनुदान)

**चुनौतीहरु : :-**

- आवश्यक भौतिक संरचनाको-अस्पताल भवन तथा कर्मचारी आवासगृह) ब्यबस्थापन
- थप सेवा विस्तारको (Histopathology,छालारोग/नाक,कान र घाटी) लागि औजार उपकरणहरू तथा दक्ष जनशक्तिको व्यवस्थापन
- छुट्टाछुट्टै वार्डहरू सञ्चालनको लागि भौतिक संरचना व्यबस्थापन
- व्यवस्थित अस्पताल क्यान्टिनका लागि भौतिक संरचना निर्माण
- पर्याप्त मात्रमा रेडियोलोजी सेवा जस्तै CT स्क्यान, USG, Mammogram सेवा प्रबाह गर्न दक्ष जनाशक्तिको ब्यबस्थापन
- Consultant चिकित्सकहरू तथा नरसिंग कर्मचारीहरूलाई निरन्तर उपलब्धता गराउने
- बायोमेडिकल सामाग्रीहरूको मर्मत
- कर्मचारीहरूलाई प्रोत्साहित गराउने

**आ.व. २०८२/८३ को लागि बिशेष योजना :**

- Proceeding with the tender process for hospital building construction as per the multi-year plan.
- Effective Implementation of EMR system
- Expansion of Telemedicine services to rural area
- Operation of Dexa Scan and mamogram Services in effective ways.
- Establishment of Histopathalogy services.
- Extension of Audiometry Services.

### अस्पताल सुदृढीकरणका प्रमुख प्राथमिकता परिवर्तनकारी कदमहरू :-

- Extension of OPD Services (Dermatology).
- Upgrade to Academic institute excellency with Nursing college establishment.
- Extension of surgical Ophthalmology service ( Cataract surgery) in coordination with Tilganga Eye Hospital.

### अस्पतालबाट भएका नविनतम तथा नयाँ सेवाहरू :-

- ENT specialist OPD service is continuously operated in collaboration with Patan Academy of Health Sciences.
- Breast cancer screening for women through mammogram.
- Online ticketing system.
- Dedicated OPD service for insurance referrals and prescription of medicines.
- Free cataract surgery conducted in coordination with Tilganga Eye Centre.
- Establishment of a medicine bank for underprivileged and helpless patients.
- FNAC and PBS services provided by a pathologist.
- Free screening and surgery programme for uterine prolapse.
- Cardiology specialist service available once a month under specialized care.
- Audio-visual counseling room established and running for mental health patients.

### आ.व. २०८१/८२ का महत्त्वपूर्ण उपलब्धीहरु बुँदागत रुपमा :-

- General OPD operating from 8:00 AM onwards.
- Lab reports with auto-printing system.
- Separate pharmacy counter for BIMA patients
- Budget management for underprivileged and helpless patients through agreement with Myagang Rural Municipality.
- Waiting area establishment for OPD patient.
- Weekly health education program for patients and their attendants every Wednesday.
- Use of OKTOKE for communication in between incharges and security
- The hospital's evacuation and floor plan has been prepared.

## विपद् तथा महामारी व्यवस्थापन

- EMT has been formed.
- The Mass Casualty Management Committee has been restructured and an orientation program has been conducted to mobilize during disasters.
- A fire extinguisher mock drill/MCM mockdrill was conducted, and all staff members were provided with training.
- All staff members were oriented about EWARS, and regular recording and reporting activities have been carried out.

# अस्पतालद्वारा सम्पादित कार्यक्रमका केहि फोटोहरू :




औषधि दान पेटिकाको सुभारम्भ कार्यक्रम



थप डायलाइसिस मेशिन सञ्चालन




अनलाईन टिकट प्रणाली सञ्चालन



सि.टी स्क्यान सेवा सुभारम्भ





नि:शुल्क मोतियाविन्दु शिविर सञ्चालन

# अस्पतालद्वारा सम्पादित कार्यक्रमका केहि फोटोहरु :







प्रशुती भवनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम




पाठेघर (आङ) खसेको महिलाहरुको नि:शुल्क शिविर प्रश्चात समापन कार्यक्रम



ल्याप्रोस्कोपी(दुरपिनको सहायताले गरिने अपरेसन) पित्तथैलीको पत्थरी को अपरेसन




विहानको ८:०० बजेदेखि जनरल ओ.पि.डी. सेवा सञ्चालन



ओ.पि.डी. विरामी प्रतिक्षा क्षेत्र

# अस्पतालद्वारा सम्पादित कार्यक्रमका केहि फोटोहरू :




Floor Map & Evacaution Plan




बिमाको रिफर र औषधी लिने स्थान




बागमती प्रदेश पूर्णखोप घोषणा तथा डिजिटल हेल्थ शुभारम्भ कार्यक्रम





बिमा फार्मेसी सञ्चालन







वृहत नि:शुल्क विशेषज्ञ स्वास्थ्य शिविर-२०८२

# अस्पतालद्वारा सम्पादित कार्यक्रमका केहि फोटोहरू :


DJ Stain Remove


Cystoscopy Set


मा. स्वास्थ्यमन्त्री तथा नगर प्रमुख ज्यूद्वारा अस्पताल अवलोकन


अस्पताल परिसर सरसफाई


स्कील ल्याब अवलोकन कार्यक्रम




MLP ट्रेनिङ्ग हल अवलोकन

# अस्पतालद्वारा सम्पादित कार्यक्रमका केहि फोटोहरू :



Laprascopy सेवा





Endoscopy सेवा



Audiometry सेवा




MLP Training




BLS/ACLS TRAINING



मा. मुख्यमन्त्रीद्वारा अस्पतालको अवलोकन

# अस्पतालद्वारा सम्पादित कार्यक्रमका केहि फोटोहरू :



अस्पतालद्धारा मा. मुख्यमन्त्रीलाई स्वागत गर्दै



मा. मुख्यमन्त्रीद्धारा अस्पताल अवलोकन




नाक, कान, घाँटी रोग सम्बन्धी स्वास्थ्य परिक्षण




जनरल ओ.पि.डि सेवा विहान ८:०० बजेबाट शुरु




मुट रोग सम्बन्धी चेकजाँच सेवा



हात्तीपाईलेरोग सम्बन्धी समुदायमा उपचार

## अस्पतालद्वारा सम्पादित कार्यक्रमका केहि फोटोहरू :



अस्पताल परिसरमा बुद्धको मुर्ति प्रतिस्थापना




अस्पतालद्वारा आयोजित म्याराथन प्रतियोगिता




निजामती सेवा दिवस-२०८२ को अवसरमा आयोजित कार्यक्रम



Armamentariums for CD/RPD





दात राख्नु अगाडीको फोटो र दात राखिसकेपछिको फोटो